# सोलुखुम्बु कृषि गतिविधि

**कृषि ज्ञान केन्द्र सोलुखुम्बुको द्वैमासिक प्रकाशन**

कृषि मूलश्च जीबनम्  *The Solukhumbu Agricultrue Activities*

बर्ष २ | अङ्क ४ | माघ-फागुन २०७८/०७९



**संरक्षक :**

श्री दुर्गा बहादुर तिरुवा,
कृषि प्रसार अधिकृत

**सम्पादक :**

श्री बबि बस्नेत
बाली संरक्षण अधिकृत
श्री प्रदिप कुमार यादव
कृषि प्रसार अधिकृत
श्री कुल बहादुर राई
अधिकृत स्तर छैटौं
श्री आदर्श कुमार सिंह
प्राविधिक स्तर पाँचौं

**मुद्रण :**

ज्वालामाई अफसेट प्रेस
फोन नं. ०३८-५२०३८९
ईमेल :
ychamling@gmail.com


## सम्पादकीय

हाम्रो देश नेपालको "**समृद्ध नेपाल र सुखी नेपाली**" अहिलेको प्रमुख नारा हो । यसलाई आ-आफ्नो स्थानबाट पुरा गर्नु हामी सबैको दायित्व हो । उत्पादन बिनाको समृद्धिलाई कल्पना गर्न सकिदैन् । कृषि उत्पादनको प्रमुख साधनहरु भूमि, श्रम, पुँजी र यसको व्यवस्थापनको तौर तरिकाले समृद्धिको राष्ट्रिय लक्ष्यलाई परितोषण गर्दछ । हाल कृषि क्षेत्रको वार्षिक वृद्धिदर २.७२ र कुल ग्राहस्थ उत्पादनको वृद्धिदर ६.२९ (आर्थिक सर्वेक्षण २०७४/७५) रहेको छ । कृषि क्षेत्रले नेपालको ठुलो स्थानलाई ओगटेको छ । कुल ग्राहस्थ उत्पादनमा लगभग २७.१० अर्थात एक तिहाई भाग कृषिको योगदान रहेको छ भने अधिकाश मानिसहरुको जिवनस्तर निर्वाह गर्न, रोजगारी तथा आयआर्जनको मुख्य स्रोत बन्न र खाद्य तथा पोषण सुरक्षामा महत्वपूर्ण भूमिका खेल्दछ । हाल कृषि क्षेत्रको विकास गर्नको निम्ती विभिन्न विज्ञान तथा प्रविधिहरुको विकास भएता पनि कृषि क्षेत्रको प्रतिफल निकै कम भएको पाईन्छ । कृषिको बढ्दो माग र उक्त मागलाई पूरा गर्न नसक्नु निम्न त्रिपक्षीय कुराहरुले प्रत्यक्षरुपमा असर गर्दछ, जनसंख्या वृद्धि र खाने आनीबानीमा परिवर्तन, जमिनको घट्दो क्षेत्रफल, विभिन्न प्रकोप र जलवायु परिवर्तनको असर । नेपालको इतिहासमा कृषि विभागको स्थापना कालदेखि नै कृषि प्रविधि प्रसारलाई कृषि उत्पादनको एउटा प्रमुख रणनितिको रुपमा अवलम्वन गरिदै आएको हो । यस्तो परिवेशमा कृषिको उत्पादन र उत्पादकत्व बढाउन विगत देखि गरिएका अभ्यास र आगामी रणनीतिहरुको महत्वपूर्ण भूमिका रहेको पाईन्छ । नेपालको कृषि क्षेत्रको वर्तमान समस्याहरु श्रमशक्तिको अभाव, कम प्रतिस्पर्धि तथा कम फाइदाजनक, जलवायु परिवर्तन, प्रविधि विकास तथा अनुसरणको सुस्त गति र भूमि सम्बन्धीका समस्याले गर्दा खाद्य सुरक्षा तथा पोषण सुधारमा बढ्दो चुनौती भएको छ । कृषि क्षेत्रको विकास नहुनुमा कृषकको अवस्था, सरकारको नीतिनियम तथा नेपालको भौगोलिक बनौटले गर्दा प्रत्यक्ष रुपमा असर गरेको छ ।

सोलुखुम्बु जिल्ला कृषि क्षेत्रको प्रचुर संभावना बोकेको जिल्लाको रुपमा रहेको छ । यहाँका कतिपय कृषि उपजहरु प्राङ्गारिक छन्। यि उपजहरुको बजार प्रवर्धन हुन सके यस जिल्लाका कृषकहरुले मनग्ये आम्दानी गर्न सक्ने देखिन्छ।भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र कृषि बिकास निर्देशनालय प्रदेश नं.१ मातहत रहने गरी सोलुखुम्बु जिल्लामा कृषि क्षेत्रको विकासको रुपमा कृषि ज्ञान केन्द्र सोलुखुम्बुको स्थापना बि.स.२०७५/०७/०५ गते भएको हो।स्थापना भएको बर्षबाट नै यस कार्यालयले कृषक समुह, कृषि सहकारी संस्था र कृषि उद्यमीहरुलाई लक्षित गरी विविध कार्यक्रमहरु संचालनमा ल्याएको थियो र हाल कृषि ज्ञान केन्द्र सोलुखुम्बुको स्वीकृत बार्षिक कार्ययोजना अनुसार चालु आ.व.२०७८/०७९ मा सम्पादन हुने कार्यक्रम एवं क्रियाकलापहरु द्वैमासिक रुपमा सरोकारबाला सबैमा जानकारी होस् भन्ने शुभेच्छाले सोलुखुम्बु कृषि गतिबिधि भन्ने द्वैमासिक पत्रिका प्रकाशनमा ल्याएको छ ।

आशा छ कृषि ज्ञान केन्द्र सोलुखुम्बुले द्वैमासिक रुपमा प्रकाशन गर्ने यस सोलुखुम्बु कृषि गतिबिधीले कृषि क्षेत्रलाई माया, प्रेम र सद्भाव राख्नु हुने सबैलाई सोलुखुम्बु जिल्लाको कृषि क्षेत्रको केही हदसम्म भए पनि जानकारी उपलब्ध गराउने छायस प्रकाशनको सम्बन्धमा पाठकहरुबाट प्राप्त हुने रचनात्मक राय, सुझाव र प्रतिकृयाहरु पठाई आगामी दिनमा यस प्रकाशन लाई थप परिष्कृत बनाउन सहयोग पुग्ने छ भन्ने आशा लिएको छु ।


प्रदेश सरकार
प्रदेश नं. १
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र सोलुखुम्बु**

फोन नं. : ०३८-५२०१३०, ९८५२८५११३०
ई-मेल : akcsolukhumbu@gmail.com


### यस भित्र :-


- कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व.२०७८/०७९ को हाल सम्मको प्रगति स्थीती : दोश्रो चौमासिक भारित प्रगति
- अष्टमासिक भारित प्रगति
- दोश्रो चौमासिक बजेट, निकासा र खर्च
- चालु आर्थिक वर्षको हाल सम्म अनुदान भूक्तानी पाउने अनुदानग्राही संस्था तथा कृषकहरुको विवरण
- अष्टमासिक बजेट, निकासा र खर्च
- बाली उपचार शिविर कार्यक्रम
- खुम्बु पासाङल्हमु खरिखोला आलु ब्लकमा बिभिन्न कार्यक्रम संचालन:

## कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व.२०७८/०७९ को हाल सम्मको प्रगति स्थीती : दोश्रो चौमासिक भारित प्रगति

| क्र.सं. | बजेट उप शीर्षक नं | कार्यक्रम/आयोजनाको नाम | दोश्रो चौमासिक विनियोजित बजेट | भारित लक्ष्य | भारित प्रगति | भारित प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ३१२०१०१७ | कृषि ज्ञान केन्द्र | १६०८९.०० | ४२.७९ | ९.१३ | २१.३४ | |
| २ | ३१२९११२० | कृषि विकास रणनिति अनुगमन तथा समन्वय | १००.०० | ५०.०० | ५०.०० | १००.०० | |
| ३ | ३१२९११२१ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परि योजना | ६४२०.०० | ४८.९३ | ०.७६ | १.५६ | |
| ४ | ३१२९११२२ | कृषि संघ सशर्त | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| **एकमुष्ट** | | २२६०९.०० | १४१.७२ | ५९.८९ | ४२.२६ | | |

## अष्टमासिक भारित प्रगति

| क्र.सं. | बजेट शिर्षक नं | कार्यक्रम/ आयोजनाको नाम | अष्टमासिक विनियोजित बजेट | भारित लक्ष्य | भारित प्रगति | भारित प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ३१२०१०१७ | कृषि ज्ञान केन्द्र | २६७४२.०० | ७१.१६ | २९.६७ | ४१.६९ | |
| २ | ३१२९११२० | कृषि विकास रणनिति अनुगमन तथा समन्वय | १५०.०० | ७५.०० | ७५.०० | १००.०० | |
| घ | ३१२९११२१ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियो जना | १०४८०.०० | ७९.८७ | ३१.७० | ३९.६९ | |
| ४ | ३१२९११२२ | कृषि संघ सशर्त | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| एकमुष्ट | | ३७३७२.०० | २२६.०३ | १३६.३७ | ६०.३३ | | |

## दोश्रो चौमासिक बजेट, निकासा, र खर्च

| सि. नं. | बजेट शिर्षक नं. | कार्यक्रम/ आयोजनाको नाम | दोश्रो चौमासिक विनियोजित बजेट | दोश्रो चौमासिक पुँजिगत | | दोश्रो चौमासिक चालु | | दोश्रो चौमासिक कुल | | दोश्रो चौमासिक विनियोजनको तुलनामा खर्चको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बजेट | निकासा/ खर्च | बजेट | निकासा/ खर्च | बजेट | निकासा/ खर्च | | |
| १ | ३१२०१०१७ | कृषि ज्ञान केन्द्र | १६०८९.०० | ५००.०० | ०.०० | १५५८९.०० | ३३०७.२५ | १६०८९.०० | ३३०८.२५ | २०.५६ | |
| २ | ३१२९११२० | कृषि विकास रणनिति अनुगमन तथा समन्वय | १००.०० | ०.०० | ०.०० | १००.०० | १००. | १००.०० | १००.०० | १००.०० | |
| ३ | ३१२९११२१ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | ६४२०.०० | ०.०० | ०.०० | ६४२०.०० | १००.०० | ६४२०.०० | १००.०० | १.५६ | |
| ४ | ३१२९११२२ | कृषि संघ सशर्त | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| एक मुष्ट | | २२६०९.०० | ५००.०० | ०.०० | २२१०९.०० | ३५०८.२५ | २२६०९.०० | ३५०८.२५ | १५.५२ | | |

## चालु आर्थिक वर्षको हाल सम्म अनुदान भूक्तानी पाउने अनुदानग्राही संस्था तथा कृषकहरुको विवरण:

| क्र.सं. | अनुदानग्राही संस्था (उद्मी कृषक/समुह/सहकारी आदि) को नाम | ठेगाना | कार्यक्रम/क्रियाकलाप | अनुदान रकम (रु हजारमा) | सम्पर्क व्यक्ति | सम्पर्क फोन नम्वर |
|---|---|---|---|---|---|---|
| १ | दिदीबहिनी कृषि तथा पशु पशु फार्म | सोलुदुधकुण्ड नगरपालिका-४ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम(अन्य) | ३००.०० | राम माया तामाङ | 9849891131 |
| २ | अर्गानिक कृषि फर्म | सोलुदुधकुण्ड नगरपालिका-११ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम(अन्य) | ३००.०० | याम बहादुर मगर | 9862629683 |
| ३ | आरुष कृषि तथा पशुपन्क्षी फर्म | सोलुदुधकुण्ड नगरपालिका-११ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम(अन्य) | ३००.०० | लेट बहादुर मगर | 9869820846 |
| ४ | भिमसेनथान तरकारी कृषक समुह | सोलुदुधकुण्ड नगरपालिका-११ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम(अन्य) | २९७.५ | धन बहादुर कार्की | 9741122225 |
| ५ | बिशाल व्यावसायी कृषि तथा पशुपंक्षी फर्म | थुलुङ्दुधकोशी गा.पा-७ | रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम(कोदो,फापर,जौ आदि) | ८३.३३३ | पुर्ण बहादुर नेपाली | 9862505980 |
| ६ | बालकन्यासिंह बहुउद्धेशिय पशु तथा कृषि फार्म | सोलुदुधकुण्ड नगरपालिका-३ | रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम(कोदो,फापर,जौ आदि) | ८३.३३३ | गोरे पुलामी मगर | 9840981067 |
| ७ | सगरमाथा बहुउद्धेशिय कृषि उद्योग | नेचासल्यान गा.पा.-२ | रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम(कोदो,फापर,जौ आदि) | ८३.३३३ | टिका बहादुर बस्नेत | 9862831262 |
| ८ | प्रगतिशिल निरौला कृषि फार्म | नेचासल्यान गा.पा.-२ | रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम(कोदो,फापर,जौ आदि) | ८३.३३३ | डुका देवी निरौला | 9825708134 |
| ९ | चिवाङ कृषि तथा चौरीपालन फर्म | सोलुदुधकुण्ड नगरपालिका-४ | रैथाने बाली उत्पादन प्रवर्द्धन कार्यक्रम(कोदो,फापर,जौ आदि) | ८३.३३३ | फुरी लामा | 9842929968 |
| १० | राप्छा आलु चिप्स सानो उद्योग | माप्यदुधकोशी गा पा-२ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम(अन्य) | १००.०० | नर माया राई | 9844660382 |
| ११ | झुना बहुउद्धेश्यिय कृषि तथा पशु फार्म | थुलुङ दुधकोशी गा.पा-४ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम(अन्य) | १००.०० | निर कुमार बिक | 9813728225 |
| १२ | मखमली महिला तरकारी कृषक समुह | नेचासल्यान गा.पा.-४ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम(अन्य) | १००.०० | मणि माया बास्तोला | 9862857553 |
| १३ | कमला राई | सोलुदुधकुण्ड नगरपालिका-६ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम(अन्य) | १००.०० | कमला राई | 9867530636 |
| १४ | श्री शेर्पा ल्याण्ड अर्गानीक फार्मिङ एण्ड रिसर्च सेन्टर प्रा.ली. | खुम्बु पासाङल्हामु गा.पा. - १ | परानो ब्लक बिकास कार्यक्रम निरन्तरता(आलु) | १२६६.२० | आङदावा शेर्पा | ९८५१०४२०३७ |
| १५ | श्री घुम्नेमेरा सामुदायिक कृषक समुह, बहुउदेशीय कृषक समुह, | माप्य दुधकोशी गा.पा. - ४ र ५ | पुरानो ब्लक बिकास कार्यक्रम निरन्तरता(आलु) | ६९१.२० | हिमाल तामाङ, याङ्दी शेर्पा, | ९७४५१५४५६७, ९८०८४३१७४८ |
| १६ | श्री भित्ताखर्क ताजा तरकारी कृषक समुह | सोलुदुधकुण्ड न.पा. - ६ र ७ | पुरानो ब्लक बिकास कार्यक्रम निरन्तरता(आलु) | १२६९.२२२ | फुरी ग्याल्जे शेर्पा | ९८६६०२४३०३ |
| कार्यक्रमको एकमुष्ट | | | | | | |
| | | | | | | |

## अष्टमासिक बजेट, निकासा र खर्च

| सि. नं. | बजेट शिर्षक नं. | कार्यक्रम / आयो जनाको नाम | अष्टमासिक विनियोजित बजेट | अष्टमासिक पुँजिगत | | अष्टमासिक चालु | | अष्टमासिक कुल | | अष्टमासिक विनियोजनको तुलनामा खर्चको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बजेट | निकासा /खर्च | बजेट | निकासा /खर्च | बजेट | निकासा /खर्च | | |
| १ | ३१२०१०१७ | कृषि ज्ञान केन्द्र | २७८४२.०० | १८००.०० | १२९७.९१ | २४९४२.०० | ८७५२.७८ | २६७४२.०० | १००५०.६९ | ३७.६८ | |
| २ | ३१२९१११२९० | कृषि विकास रणनीति अनुगमन तथा समन्वय | १५०.०० | ०.०० | ०.०० | १५०.०० | १२९.७४५ | १५०.०० | १२९.७५ | ७६.५० | |
| ३ | ३१२९१११२१ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | १०४८०.०० | ०.०० | ०.०० | १०४४०.०० | ३३९२.५६ | १०४८०.०० | ३३९२.५६ | ३२.३७ | |
| ४ | ३१२९१११२२ | कृषि संघ सशर्त | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| एकमुष्ट | | ३८३८२.०० | १८००.०० | १२९७.९१ | १५५७२.०० | १२२७५.०९ | ३७३७२.०० | १३५७३.०० | ३६.६२ | | |

## बाली उपचार शिविर कार्यक्रम:

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार बाली उपचार शिविर कार्यक्रम माप्य दुधकोशी गाँउपालिका वडा नं.२ अधेरीमा मिति २०७८/११/०६ गतेका दिन माप्य दुधकोशी गाँउपालि वडा नं.२ का वडा अध्यक्ष तेज बहादुर मगरज्युको अध्यक्षतामा समापन गरियो। कार्यक्रममा ४५ जना कृषकहरुलाई निशुल्क रुपमा विरुवामा लागेको रोग र कीराको प्रकृति हेरी आवश्यक पर्ने निम आयल, फेरोमोन ट्र्याप, ट्राईकोड्रमा, पहेंको पासो, न्यु लाईट झोल आदि वितरण गरि एको थियो।साथै त्यस कार्यक्रममा कृषकको समस्या उपर उचित परामर्श पनि दिएको थियो ।





## खुम्बु पासाङल्हमु खरिखोला आलु ब्लकमा बिभिन्न कार्यक्रम संचालनः

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरगतको पुरानो ब्लक बिकास कार्यक्रम निरन्तरता अनुसार खुम्बु पासाङल्हमु गाउँपालिका वडा नं.१ खरिखोलामा रहेको श्री शेर्पा ल्याण्ड अर्गानिक फार्मिङ एण्ड रिसर्च सेन्टर प्रा.लि.द्वारा संचालित आलु ब्लकमा सिंचाईको लागि HPD पाईप ५००० मिटर खरिद, ३००० लिटर क्षमताको सिंचाईको लागि सिमेन्टेड पानी ट्याङ्की निर्माण (संख्या-३), उन्नत प्रविधिबाट आलु रोप्ने कार्य संगै मिति २०७८/११/१५ गते माटो परिक्षण शिबिर संचालन भई ब्लक बिकास निरन्तरता कार्यक्रम सम्पन्न भयो। तस्बिरहरु









## मुख्यराजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रममा तालिम संचालनः

केन्द्रको चालु आ.व.२०७८/०७९ को स्वीकृत मुख्यराजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम अन्तरगत सोलुदुधकुण्ड नगरपालिका वडा नं.११ बेलिडाडाको श्री भिमसेन थान तरकारी कृषक समुहका २१ जना कृषकहरुलाई मिति २०७८/१०/२० गते देखि मिति २०७८/१०/२० गते सम्म ३ दिने उन्नत तरकारी खेती प्रबिधी बिषय तालिम संचालन गरी तरकारी खेती सम्बन्धी प्राविधिक ज्ञान सिप दिइयो।साथै उक्त समुहका कृषकहरुको माग अनुसारको तरकारी खेतीको लागि प्लाष्टिक टनेल, तरकारीका वीउ विजन, खनजोत गर्न मिनिटिलर, झोल मल बनाउन ड्रम, बजारिकरणको लागि प्लाष्टिक क्रेट, डिजिटल तराजु लगाएतका सामाग्रीहरु ७५ प्रतिशत अनुदानमा उपलब्ध गराइयो।





### नयाँ आलु ब्लकमा कृषि सामाग्री वितरण तथा सार्वजनिक कार्यक्रमः

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत सोलुदुधकुण्ड नगरपालिका वडा नं.१ टाक्सिन्दु मा रहेको श्री सोलुखुम्बु अर्गानिक कृषक समुहमा संचालित आलुको नयाँ ब्लक विकास कार्यक्रममा मिति २०७८/११/२९ गते का दिन कृषि ज्ञान केन्द्र सोलुखुम्बुका नि.प्रमुख श्री दुर्गा बहादुर तिरुवा ज्यू, प्राविधिक सहायक श्री आदर्श कुमार सिंह ज्यू तथा स्थानिय भद्र भलादमी बुद्धिजीवीहरुको उपस्थितीमा आलु खेतीको लागि आलुको उन्नत वीउ तथा कृषि सामाग्रीहरु एक कार्यक्रम गरी हस्ताणतरण गरियो साथै आर्थिक पार्दशिताको लागि कृषकहरु तथा स्थानिय जनता माझ कार्यक्रमको आर्थिक क्रियाकलापहरुको विषयमा जानकारी समेत गराईएको थियो।









*लेखकः दुर्गा बहादुर तिरुवा*
*निमित्त प्रमुख*
*कृषि ज्ञान केन्द्र, सोलुखुम्बु*

# भूक्षय

सामान्यतया पानी तथा हावाको माध्यमले एक ठाउको सतहको माटो बगेर अर्को ठाउमा थुप्रनुलाई भुःक्षय भनिन्छ । नवलपरासी जिल्लाको देउराली गा.वि.स.को गिरवारी नदिको मुहान क्षेत्रको ४१.९ वर्ग कि.मि क्षेत्रफलमा अनुसन्धान कार्य संचालन गरिएको थियो । रुस्ले, जिआइएस र आरएस को प्रयोगद्धारा प्रति वर्ष प्रति हेक्टर प्रति टन माटो बगेर जाने औषत दर अनुमानीत गरियो । रुस्ले समिकरणका तत्वहरु बर्षा, माटो को अवस्था, जमिनको सतह तथा बनोट, जमिनलाई ढाकेको अवस्था र भू क्षय व्यवस्थापनका अभ्यासहरु जिआइएस सफटवयरबाट निकालियो । त्यि पाच तत्वहरु लाई एक आपसमा गुणान गरियो र प्रत्येकको रास्टर नक्सा बनाई प्रतिवर्ष प्रति हेक्टर प्रति टन माटो बगेर जाने दर पत्ता लगाईयो र भू क्षयको बर्गिकरण गरियो । ५ बर्षको (सन् २०१० देखि २०१४) बर्षाको डाटा नजिकको आठवटा जलवायु स्टेसनबाट लिइयो र त्यो डाटालाई इन्टरपोलेसन गरेर बर्षाको मान निकालियो । जिईपी सफटवयरको सहायताले माटोको नमुना लिने स्थान निर्धारण गरियो र माटोको बुनोट तथा कार्बन ल्याबबाट पत्ता लगाईयो र माटोको अवस्थाको मान पत्ता लगाईयो । डिईएम को प्रयोगबाट भिरालो जमिनको लम्बाई र भिरालोपन पत्ता लगाईयो । एनडिभिआई को मान LandsatOLI June, 2015 को डाटाबाट निकाली जमिनलाई ढाकेको अवस्थाको मान पत्ता लगाईयो । भू क्षय व्यवस्थापनका अभ्यासको मान पत्ता लगाउन बिभिन्न खोज तथा अनुसन्धानका डाटाको प्रयोग गरियो । यो अनुसन्धान कार्यको उदेश्य नवलपरासी जिल्लाको देउराली गा.वि.स.को गिरवारी नदिले गराउने भूक्षयको Spatial Distribution पत्ता लगाउनु हो जसको लागी रुस्ले, जिआइएस र आरएस को प्रयोग गरिएको

छ । भूःक्षयलाई  पाच भागमा बाडिएको छ ; अति धेरै (श्र ७८ टन प्रति हेक्टर प्रति बर्ष), धेरै (२७ देखि ७८ टन प्रति हेक्टर प्रति बर्ष), मध्यम (११ देखि २७ टन प्रति हेक्टर प्रति बर्ष), कम (३ देखि ११ टन प्रति हेक्टर प्रति बर्ष) र अति कम (रु ३ टन प्रति हेक्टर प्रति बर्ष) जुन क्रमश ०.०५ प्रतिशत, १ प्रतिशत, ७.४७ प्रतिशत, ३४.४७ प्रतिशत, र ५६.९८ प्रतिशत देउराली गा.वि.स. को क्षेत्रफलमा भएको थियो । पहाडि जंगल (५१.३१ प्रतिशत), पहाडको खेतियोग्य जमीन (१६.०५ प्रतिशत), नदि (३.७६ प्रतिशत), तराईको खेतियोग्य जमिन (१६.२७ प्रतिशत), तराईको जंगल क्षेत्र (१२ प्रतिशत) र तराईको घासेमैदान (०.५८ प्रतिशत) क्षेत्रफलबाट कुल भु क्षय प्रति वर्ष प्रति हेक्टर प्रति टन क्रमश १३३७४.३, २४४६.७४९, ४४९.९१५, ८९.१३२, ३७.५३९ र २.८५२ भएको छ । सबै भन्दा बढि भुक्षयको मात्रा (८१.५६ प्रतिशत) पहाडको जंगलबाट भएको छ भने कम भुःक्ष्य (०.०१७ प्रतिशत) चाहि तराईको घासेमैदान बाट भएको छ । पहाडको जंगल, तराईको जंगल, घासेमैदान, तराईको खेतियोग्य जमिन, पहाडको खेतियोग्य जमिन, र नदिबाट वार्षिक औषत भु क्षय हुने दर क्रमश ६.२२८, ०.०७४, ०.११६, ०.१३०, ३.६४० र २.८३४ प्रति वर्ष प्रति हेक्टर प्रति टन रहेको छ । यस अध्ययनबाट थाहा हुन्छ कि बढि मात्रामा भू क्षय पहाडको जंगलमा भएको छ जहा बढि भिरालो र कम रोक्थामका उपायहर छन् । त्यसैगरि तराईको घासे मैदानमा कम भूःक्ष्य भएको छ जहा कम भिरालो र बढि संरक्षणका अभ्यास छन् । पहाडि जंगल र पहाडि खेतियोग्य जमिनलाई मध्यम देखि अति धेरै भू क्षय जोखिम हुने वर्गमा राखिएको छ जहा ७८ टन प्रति हेक्टर प्रति बर्ष भन्दा बढि भू क्षय हुन्छ भने तराईको जंगल, तराईको खेतियोग्य जमिन, घासेमैदान र नदिक्षेत्रलाई अति कम भू क्षय जोखिम हुने वर्गमा राखिएको छ जहा ३ टन प्रति हेक्टर प्रति बर्ष भूःक्षय हुने गर्दछ ।

